# निगमको बोइङ ६५ करोड २२ लाखमा लिलाम

## २२ करोड घाटा

■ सुरज कुँवर (काठमाडौं)

नेपाल वायुसेवा निगमको ३१ वर्ष पुरानो बोइङ विमान (गण्डकी) अमेरिकी कम्पनी सीएसडीएस एयरक्राफ्ट सेल्स एन्ड लिजिङ इंकलाई ६५ करोड २२ लाख रुपैयाँमा बिक्री गरिने भएको छ । निगम सञ्चालक समितिले शुक्रबार आफ्नो अन्तिम बोइङ विमान ७५७ सीएसडीएसलाई बिक्री गर्ने प्रस्ताव पारित गरेको हो ।

'सञ्चालक समिति बैठकमा कार्यकारी अध्यक्ष मदन खरेलले राखेको लिलाम बढाबढ प्रक्रियाबाट सीएसडीएसलाई अल्फा चार्ली ब्राभो कलसाइनको विमान बिक्री गर्ने प्रस्ताव पारित गरिएको छ,' बैठकलगत्तै बोर्ड सदस्य अच्युतराज पहाडीले कान्तिपुरसँग भने । गत जेठमा परामर्शदाता कम्पनी फिनटेक एफएएस एभिएसन सर्भिसेज कम्पनीले यो विमान र बाँकी रहेका ६ सय हाराहारी पार्टपुर्जाको न्यूनतम मूल्यांकन गरेको थियो । त्यसै प्रतिवेदनअनुसार निगमले यसको न्यूनतम मूल्य करिब ८७ करोड रुपैयाँ राखेर असारमा पहिलो पटक लिलामी सूचना आह्वान गरेको थियो । तर दुई पटकको सूचनामा पनि कुनै कम्पनी इच्छुक नदेखिएपछि तेस्रो पटक शुक्रबार भएको लिलामी बढाबढ प्रक्रियाबाट यो जहाज (५.७१ मिलियन डलर) ६५ करोड २२ लाख रुपैयाँमा अमेरिकी कम्पनी सीएसडीएस एयरक्राफ्ट सेल्स एन्ड लिजिङ इंकले सकारेको थियो ।

फिनटेकले गरेको न्यूनतम मूल्यभन्दा २२ करोड कममा




सीएसडीएसलाई उसैले कबोल गरेको मूल्यमा विमान बेच्न निगम बाध्य भएको हो । असार ११ मा ४५ दिनको सूचना जारी गर्दै निगमले यसको न्यूनतम लिलाम दर ७६ लाख डलर (करिब ८७ करोड रुपैयाँ हाराहारी) राखेर टेन्डर निकालेको थियो । तर सार्वजनिक खरिद नियमावलीअनुसार तीन वटा कम्पनीको प्रस्ताव नपरेपछि टेन्डर रद्द भएको थियो । त्यसपछि निगमले साउन २९ गते दोस्रो पटक टेन्डर आह्वान गरेको थियो । त्यसमा पनि खरिद नियमावलीअनुसार प्रस्ताव नआएपछि निगमले तेस्रो पटक कात्तिक २६ गते चार दिनको मात्रै लिलामी बढाबढको सूचना जारी गरेको थियो । उक्त प्रस्तावमा तीन वटा अमेरिकी कम्पनीले जहाज खरिद गर्न प्रस्ताव बुझाएका थिए ।

निगमका एक अधिकारीका अनुसार लिलामी प्रक्रियामा प्रस्ताव बुझाउने अमेरिकी कम्पनीहरूमा एभियोन सिस्टम इंक, सीएसडीएस एयरक्राफ्ट सेल्स एन्ड लिजिङ इन्क र एमके एभिएसन्स थिए । ती अधिकारीले तेस्रो पटकको न्यूनतम लिलामी मूल्य यसअघिका दुईवटा टेन्डरमा परेको अधिकतम दरलाई आधार मानिएको बताए । यसअघिका दुई वटा टेन्डरमा उक्त जहाजसहित जगेडा इन्जिन, स्पेयरपार्टस आदिको अधिकतम प्रस्ताव ४८ करोड ५४ लाख रुपैयाँ मात्रै परेको थियो ।

१६ बिजनेस र १ सय ७४ इकोनोमी श्रेणी गरी १९० सिट क्षमता भएको यो विमान ०७५ कात्तिक ११ पछि व्यावसायिक उडानमा प्रयोग गरिएको छैन । हाल निगमले यसलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राखेको छ । बोर्ड सदस्य पहाडीका अनुसार यस्को जगेडा इन्जिन भने निगमले रकम भुक्तानी नगरेका कारण स्पेनको एउटा मर्मत कम्पनीमा वर्षौंदेखि थन्किएको छ । यो विमानको लिलामी प्रक्रियामा सहभागी एक अधिकारीका अनुसार ९० हजार घण्टा उडिसकेको यो विमान खरिद गर्ने कम्पनीले यसलाई मर्मत गरेर उडानमै ल्याउने भनेका छन् । निगमसँग यहीखाले दुईटा विमान थिए । अर्को विमान अल्फा चार्ली यसअघि नेपाली कम्पनी बीबी एयरवेजलाई करिब १७ करोड रुपैयाँमा बिक्री भइसकेको छ । निगमका अनुसार ३१ वर्षअघि यी विमानको मूल्य १ अर्ब रुपैयाँ हाराहारी परेको थियो । बोइङले सन् २००४ देखि यो मोडलको विमान उत्पादन गर्न बन्द गरिसकेको छ । तर, संसारभरका अधिकांश एयरलाइन्सले यो मोडलका विमान अझै उडानमै प्रयोग गरिरहेका छन् ।

निगमले पनि यही मोडलका दुइटा विमानबाट काठमाडौंदेखि पूर्वमा जापानको ओसाका, चीनको सांघाई तथा पूर्वमा लन्डन, पेरिस तथा फ्यांकफर्टसम्म उडाएको थियो । ५ वर्षअघि निगमले बोइङ कम्पनीका विमानलाई छाडेर एयरबसतर्फ मोडिएपछि आफ्ना दुइटा बोइङ हटाउने निर्णय लिएको थियो ।